महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

पलाता गाउँपालिका
कालिकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः १८४

मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री गाउँपालिका अध्यक्ष ज्यू,
पलाता गाउँपालिका, कालिकोट ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....
नारायण एम.सी.
(नायव महालेखापरीक्षक)

बोधार्थः
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १८५ मितिः २०७८।०५।०४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री गाउँपालिका अध्यक्ष ज्यू,
पलाता गाउँपालिका, कालिकोट ।

कैफियत सहितको राय

हामीले पलाता गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रु ४ करोड १९ लाख ५१ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु ३० लाख ८४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ४९ लाख ९९ हजार नियमित गर्नुपर्ने रु. १ करोड २७ लाख ९७ हजार पेश्की बाँकी रु २ करोड १० लाख ७१ हजार रहेको छ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०१।२६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १७ (सत्र) को यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं।त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(नारायण एम. सी.)
नायब महालेखापरीक्षक

श्री पलाता गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ ।यस गाँउपालिका अन्तर्गत ९ वडा, ४५ सभा सदस्य, ३१८.८४ वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार ३०३ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष :- आर्थिक बर्ष २०७६/७७को सञ्चितकोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	**रकम**	**रकम**		**विवरण**	**रकम**	**रकम**
१.	**गत बर्षको जिम्मेवारी**		७८,०२,८५७।०	१	**चालु खर्च**	२४५००४३८०।०	२४५००४३८०।०
	क) नगद			२	**पूँजीगत खर्च**	१४८४४६७६४।०	१४८४४६७६४।०
	ख) सञ्चितकोष	६५६८२०१।०		३	**शशर्त अनुदान फिर्ता**	१५०२५५७९।०	१५०२५५७९।०
	ग) कर्मचारी कल्याणकोष			४	**वित्तिय व्यवस्था भुक्तानी**		
	घ) धरौटी खाता	१२३४६५६।०			क) ऋण भुक्तानी		
	ङ) विभाज्यकोष खाता				ख) व्याज भुक्तानी		
२.	**राजश्व (आन्तरीक आय)**		४४,७५,७७२।०	४	**लगानी**		
	क) आन्तरिक राजश्व	०			ऋण लगानी		
	ख) राजश्व बाँडफाँड	४४१४२१७२।०			शेयर लगानी		
	ग) राजश्व बाँडफाँड प्रदेश	३३३६००।०					
३.	**वित्तिय हस्तान्तरण**		२९४९९०६०१।०	५	**धरौटी फिर्ता**		
	क) वित्तिय समानिकरण अनुदान	९३१०००००।०		६	**कोष खर्च**		
	ख) सशर्त अनुदान	१४११२५०००।०		७	**जनश्रमदान फिर्ता**		
	ग) गरीव संग विश्वेश्वर कार्यक्रम	२४९५०००।०		८	**मौज्दात**		
	घ) सामाजिक सुरक्षा कार्यक्रम	५६३९८६००।०			क) बैक मौज्दात		१०४१०९२६।०
	ङ) बहुक्षेत्रीय पोषण कार्यक्रम	६०५०००।०			• सञ्चित कोष	४४४१८२५।०	
	च) पंजिकरण	१२६७००१।०			• धरौटी खाता	१२३४६५६।०	
४.	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		६,७५,२६,६९३।०		• स्थानीय तह विपद व्यवस्थापन कोष	६७७५२।०	
	क) वित्तिय समानिकरण अनुदान	१०११७०००।०			• विपत व्यस्थापन कोष	४६६६६९३।०	
	ख) सशर्त अनुदान	४२२००००।०					
	ग) समपुरक अनुदान	२४२४३०००।०					
	घ) विशेष अनुदान	४००००००।०					
	ङ) विपद व्यवस्थापन	१२४४६६९३।०					
	च) पुर्वाधार विषेश कार्यक्रम	११००००००।०					
	छ) कोभिड प्रदेश प्रकोप	१५०००००।०					
५	अन्तर निकायवाट प्राप्त	४०९१७२६।०	४०,९१,७२६।०				
	जम्मा		४१८८८७६४९।०		**जम्मा**		४१८८८७६४९।०

सिनं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम रु
१.	**आय विवरण —** गाउँपालिकाको आय.व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीत तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणको तयारी तथा स्वीकृती गर्नुपर्नेमा सो तयार गरेको पाइएन। कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ;	
२.	**विद्युतिय लेखाः** गाउँपालिकाको आर्थिक कारोवारको लेखा महालेखानियन्त्रकको कार्यालयले निशुल्क रूपमा उपलब्ध गराएको Sub National Tresury Regulatory application (SUTRA) मा राख्नु पर्दछ। पालिकाले पुर्ण रूपका सुत्रको प्रयोग गरेको पाईएन ।ऐनको व्यवस्था वमोजिम विद्युतिय लेखा Sub National Tresury Regulatory application (SUTRA) पुर्ण रूपमा प्रयोगमा ल्याउनुपर्दछ ।	
३.	**बैक हिसाब मिलान नगरेको–** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राखुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	बैक श्रेस्ता फरक	कैफियत
१	विनियोजन खाता	४४४१८२५।०	५९३३२१९१।२	५४८९०३६६।०	बैकमा वढी
२	स्थानीय विपद कोष	६५६७२।०	६५६७२।०	०	
३	धरौटी खाता	१२३४६५६।०	१२३४६५६।	०	
४	विपद व्यवस्थापन कोष	४६६६६९३।०	१२४४६६९३।०	७७८००००।०	बैकमा वढी

३.१.	**जिम्मेवारी** :अघिल्लो आर्थिक वर्षको मौज्दात रकम चालु आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्दछ ।गत आर्थिक वर्षको आर्थिक विवरणमा देखाएको बैक मौज्दात रकम रू.१ करोड २१ लाख ७४ हजार रहेकोमा यस आर्थिक वर्षमा रू. ७८ लाख ३ हजार जिम्मेवारी सारेको छ। गत वर्ष देखाए भन्दा रू.४३ लाख ७१ हजार कम मौज्दात जिम्मेवारी सारेकोमा सोको कारण खुलाएको छैन। मौज्दात तथा जिम्मेवारी रकम एकिन तथा भिडान हुने तथा फरक नपर्ने गरी सार्नुपर्ने देखिन्छ । साथै यसरी कम जिम्मेवारी सारीएको रकम आम्दानी बाँध्नु पर्ने रू.	४३७१०००
४.	**सञ्चित कोषको चौमासिक विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। ऐनले तोके वमोजिमका बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।	
५.	**एकिकृत आय-व्यय विवरण :-** कार्यालयले लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन । जस्तै गाउँपालिकाको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन ।उल्लेखित कुराहरुमा सुधार गरी संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।	
६.	**आन्तरिक नियन्त्रणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य	

सम्पादन गर्न आ—आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ।कायालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७८ बैशाख) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ ।
- गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन।साथै गाउँपालिकाबाट यस बर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।
- गाउँपालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।
- कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख राखेको छैन ।
- कार्यविवरण—कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन ।
- अभिलेख—कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।
- कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।
- निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो।अत:योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण

	अद्यावधिक गरेको देखिएन । • गाउँपालिकाले आन्तरिक आयको छुट्टा छुट्टै आर्थिक विवरण तयार गरेको छैन । • जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वयन नभएको। • गाउँपालिकाले यो बर्ष कर्मचारी पारिश्रमिकमा खर्च गरेकोमा नियमानुसार तलवि प्रतिवेदन पारित गरेको छैन । उपर्युक्तानुसार स्थिति देखिदा आन्तरिक नियन्त्रण प्रणाली तत्काल तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन आवश्यक देखिन्छ ।	
	बजेट तथा कार्यक्रम तर्फ	
७.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७६।३।१० गते रु ६२ करोड ४२ लाख १४ हजारको बजेट सभा समक्ष पेश गरेको मिति २०७६।३।११ मा पारित भएको छ।साथै बजेट पारित भए पछि स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएन। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनुपर्दछ ।	
८.	**राजश्व परामर्श —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दरसमेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ।राजश्व परामर्श समितिको बैठक २०७७ मा बसेपनि कुनै निर्णय भएको देखिएन।राजश्वका दर, क्षेत्र र अनुमानित राजश्व आय बजेट तर्जुमा समतिलाई सिफारीस गर्नुपर्नेमा सो गरेको छैन।राजश्व र प्रासि वजेट एकिन गर्न नसक्दा बजेट अनुमान भन्दा यस वर्ष गत वर्षको मौज्दात समेत रू ४० करोड ६४ लाख ४१ हजार (३४.८८) प्रतिशत न्युन आम्दानी भएको छ।जसवाट धेरै कार्यक्रमहरू कार्यान्वयन हुन सकेका छैनन।वजेटलाइ वास्तविक अनुमान गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।साथै बजेट कितावमा अनुमानित राजश्व आय पेश नगरेको तथा गाउँपालिकाले कुनैपनि किसिमकोराजश्व लिएको देखिएन।गाउँपालिकाको यस वर्षको आन्तरीक आय दरभाउपत्र तथा बोलपत्र विक्रि वाहेक अन्यमा राजश्व असुल गरेको छैन। राजश्वका श्रोत, दायरा र दर विश्लेषण गरी आगामी आर्थिक वर्षको लागि राजश्व तथा आन्तरिक श्रोतको अनुमान गर्नुपर्ने तथा उपयुक्त राजश्वका श्रोतहरू पहिचान गरी रकम असुल गर्नुपर्ने देखिन्छ ।	
९.	**बजेट तर्जुमा —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । समितिको २०७६।२।२१ र २०७६।३।४ मा बैठक बसे पनि ऐनले तोके बमोजिम उल्लेखित कार्यहरु गरेको देखिएन ।यस सम्बन्धमा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका बमोजिम बजेटको सिमामा रही कार्य गर्ने कार्यालयको भनाई रहेको छ ।	
१०.	**कार्यक्रम नतोकि बजेट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार बजेट पेश गर्ने र पारित गर्ने सम्बन्धी व्यवस्था छ ।उक्त व्यवस्था विपरीत यसवर्ष कार्यालयले यस वर्ष प्रत्यक वडाका लागि साना योजन संञ्चालन गर्न भनी रू १ करोड ३५ लाख, उपाध्यक्ष कोष विविध रु. ५	

<table>
<tr><td></td><td>लाख र अध्यक्ष कोष रु. ५ लाख समेत पूँजीगत शीर्षकमा रु. १ करोड ४५ लाख विनियोजन गरेको देखियो । सभामा कार्यक्रम तथा बजेट पेश गरी स्वीकृत गराई खर्च गर्नुपर्नेमा सो नगरी खर्च लेखेकोले यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागिता मूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ।पालिकाको यस वर्ष विभिन्न योजना संचालनको लागि बजेट व्यवस्था गरेकोमा पालिकाले दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको र अधिकांश कच्ची वाटोमा रकम खर्च गरेको देखिन्छ। दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरणगरी सहभागिता मूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१२.</td><td>चौमासिक खर्च :— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा जम्मा खर्च रु.१५ करोड २८ लाख २८ हजार मध्ये तेश्रो चौमासिकमा रु.७ करोड ५२ लाख २ हजार र आषाढ महिनामा रु.६ करोड ६८ लाख ९७ हजार खर्च भएको पाइयो।जस अनुसार तेस्रो चौमासिकमा कूल खर्चको ४९.२० प्रतिशत र आषाढमा ४३.७७ खर्च भएको देखियो।अतः आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन प्रभावकारी हुन नसकि कामको गुणस्तरमा असर पर्ने सक्ने हुंदा चौमासिक कार्ययोजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>१३.</td><td>खर्च बिश्लेषणः गाउँपालिकाले यसबर्ष आन्तिरक आयबाट कुनै आम्दानी नभएको,गत वर्षको मौज्दात सञ्चितकोष तर्फ ६५ लाख ६८ हजार तथा धरौटी तर्फ रू १२ लाख ३४ हजार, राजस्व बाँडफाँडबाट रु ४ करोड ४१ लाख ४२ हजार , आन्तरीक राजश्व तर्फ रू ४४ लाख २५ हजार र विभिन्न अनुदान रू २९ करोड ४९ लाख ९१ हजार र प्रदेश तर्फ अनुदान रू ५ करोड ५० लाख ८० हजार समेत रू ४० करोड ६४ लाख ४१ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २३ करोड २१ लाख ३६ हजार र पूँजिगत तर्फ रु १५ करोड २८ लाख २८ हजार समेत रु ३८ करोड ४९ लाख ६४ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा शुन्य रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. २६ लाख १९ हजार खर्च भएको छ जुन आन्तरिक आय नभएकाले सबै अनुदान तथा राजश्व वाँडफाँडमा निर्भर रहेको छ।गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.०३ प्रतिशत चालु र ३९.९७ प्रतिशतमात्र पूँजिगत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।


</td><td></td></tr>
<tr><td>१४.</td><td>लक्ष्य प्रगति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजना कार्यक्रमहरू सञ्चालन गरेका मध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

१५.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन ।गाउँपालिकाको कार्यवोझ अनुसार सेवा प्रवाहलाई प्रभावकारी वनाउन मितव्ययी रूपमा कार्य सम्पादन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोही अनुसार कर्मचारी पदपुर्ति गर्नुपर्दछ।	
१६.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी आईटी १, प्राविधिक १३,प्रधान मन्त्री रोजगार संयोजक १,वडा सहायक ९,सहजकर्ताहरू २८,समाजिक परिचालकहरू ६,ईलेक्ट्रीक कर्मचारी ४,फार्मेसी कर्मचारी ३,कृषि प्राविधिक ५,एफ एम कर्मचारी ६, पशु प्राविधक १३ तथा कार्यालय सहयोगी २८ गरी जम्मा ११७ जना कर्मचारीहरु करारमा राखि रु.३ करोड ९ लाख ४६ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करारमा नियुक्ति गरी तलव खर्च लेखेको छ ।ऐनको व्यवस्था विपरित कर्मचारी नियुक्त गरी तलव खर्च लेख्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।	
१७.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ।	
१८.	**सेवा प्रवाह —** सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण ,सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण , खुलाई नागरिक वडापत्र राख्नु पर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष २०३ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।	
	कानुन निर्माण एवं कार्यान्वयन	
१९.	कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जसअनुसार स्थानीय तह	

	सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन, नियमावली कार्यविधि लगायत कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छैन । तसर्थ उक्त कानूनहरु निर्माण अनुमोदन तथा राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
२०.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा सो अभिलेख पेश भएन। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२१.	**आन्तरिक लेखापरीक्षण-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्तभएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन।जसवाट समग्र कारोवारको शुद्धतामा प्रभाव पारेको तथा समयमानै सुधार गर्ने सकिने कुराहरू सुधार हुन सकेको छैनन।समयमानै आन्तरीक लेखापरिक्षण गरी कारोवारको शुद्धता र प्रभावकारीता अभिवृद्धी हुनुपर्दछ।	
२२.	**कन्टिन्जेन्सी खर्च अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ।कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन।यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन।नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ।	
२३.	**खरिद कारवाही अभिलेख–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२)बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ।अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।	
२४.	**बार्षिक खरिद योजना**ः सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ।यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड २८ लाख पूँजीगत खर्च गरेको छ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो।अतः	

	पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
२५.	**झोलुङ्गे पुल** : यस गाँउपालिका अन्तर्गत फागोटीमा तथा उखडीमा समेत रु.४८ लाख ६० हजारको लागतमा झोलुङ्गे पुल निर्माण गर्न उपभोक्ता समितिसँग कार्यालयले रु.२ लाख ९१ हजार, संघीय सरकारवाट रू४० लाख ७० हजार तथा उपभोक्ता समितिले रु.९५ हजार व्यहोर्ने गरी सम्झौता भई निर्माण कार्य सुरु भएको छ।झोलुङ्गे पुलको लागि आवश्यक स्टील्सका सामग्रीहरु आपूर्ति बोलपत्रबा माध्यमबाट गरेको छ।झोलुङ्गे पुलको लागि रु. २२,७२,२१९।०० तथा उपभोक्ता समितिलाई १३,५५,६३१/०० समेत रु. ३६२७८५०/०० खर्च भई सकेको छ।सो झोलुङ्गे पुल हालसम्म निर्माण कार्य सम्पन्न भएकोछैन ।उक्त निर्माण कार्य सम्झौता वमोजिम सम्पन्न हुनपर्दछ ।	
२६.	**खाद्य सुरक्षा कार्यक्रम** :गाँउ पालिका क्षेत्रभित्र खाद्यान्नको अभाव हुन नदिन किसानहरुलाई फलफुल ,अन्न तथा तरकारीको विउ तथा विरुवा वितरण गरी त्यसबाट उत्पादन गराउने भनी खाद्य सुरक्षाको कार्यक्रम सञ्चालन गरेको छ ।यस वर्ष कार्यक्रममा रु. १९,०८,५५०/०० को अन्नबाली तरकारी तथा फलफुल विउ तथा वितरण गरेको छ ।विरुवा वितरण गर्दा नेपाल सरकार कृषि तथा पशुपँक्षी विकास मन्त्रालयबाट स्वीकृत नर्म्स अनुसार हेक्टर तथा रोपनीमा कति विरुवा तथा विउ लाग्छ भनी परिमाण तथा रकमको लागत अनुमान तयार नगरी वितरण गरेको छ ।यसबाट यर्थाथ खर्च यकिन सकेन ।विउ तथा विरुवा प्राप्त गर्ने किसानले रोपण गरे नगरेको तथा विउ उम्रे नउम्रेको स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । यसले गर्दा अनुदानको उपयोग भएको छ भन्ने अवस्था रहेन ।	
२७.	**पदाधिकारी सुविधा** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ।कार्यालयले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा गत आर्थिक वर्षको २०७६जेठ आषाढ तथा यस वर्षको श्रावण देखि आश्विन सम्म रु.२६ लाख १९ हजार खर्च लेखेको देखिन्छ ।	
२८.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष रु. ५ लाख आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता वितरण कार्यविधि नबनाई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२९.	**इन्धन खर्च :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष इन्धनमा रु. ८ लाख ५० हजार खर्च गरेको छ । आन्तरीक नियन्त्रण कार्यविधि तयार गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
३०.	**पेश्की वाँकीः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को बमोजिम कामको मुल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकवाट अनुमोदन गराई श्रेस्ता तथा कागजात पेश गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै अन्य पेश्कीको हकमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ वमोजिम पेश्की रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार निम्नानुसारको पेश्कीको म्याद समाप्त भएको देखिएकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रू.	२१०७१०००

सि.नं.	भौ .नं. र मिति	निर्माण व्यवसायि	चालु आर्थिक वर्षको पेश्की रकम रू		
			म्याद ननाघेको पेश्की	म्याद नाघेको पेश्की	जम्मा पेश्की
		स्वास्थ्य			

१	२०७६।९।२०	रघुजन वम		८००००।०	८००००।०
२	२०७६।९।२०	शंकर प्रसाद बराल		४८०००००।०	४८०००००।०
३	२०७६।९।२०	जनक वहादुर वुढा		१५२०००।०	१५२०००।०
		चालु तर्फ			
४	२०७६।९।२०	विद्दी कामी (विरी)		३०००००।०	३०००००।०
		समानीकरण पुँजिगत			
५	११।२०७६।६।१५	कृष्ण मन्दिर धार्मीक समिति		६६६०००।०	६६६०००।०
६	४३।७६।९।२१	ओदी छाड्ने सडक		३००००००।०	३००००००।०
७	१९।२०७६।६।१५	वेल्केढुङ्गा लखनवाडा सडक		७०००००।०	७०००००।०
८	२४।२०७६।६।१५	बम्फै गाउँखर्क सडक निर्माण समित		१६०००००।०	१६०००००।०
९	२७।०७६।१०।१५	उब्जन बम		१५००००।०	१५००००।०
	२९।२०७६।६।१५	अस्पताल निर्माण उपभोक्ता समिति		३००००००।०	३००००००।०
१०	४०।२०७६।९।२१	वेल्केढुङ्गा खोला दुर्सी सडक		३००००००।०	३००००००।०
११	४१।२०७६।९।२१	सैन लोडे सडक उपभोक्ता समिति		१५०००००।०	१५०००००।०
१२	४२।२०७६।९।२१	जाँखे उखाडी सडक उपभोक्ता समिति		३००००००।०	३००००००।०
१३	४५।२०७६।९।२१	मोहोर पुँलाहाछलाँहा सडक उपभोक्ता		८०००००।०	८०००००।०
१४	४९।२०७६।९।२१	खगेन्द्र प्रसाद न्यौपाने		७५००।०	७५००।०
	६२।२०७६।९।२२	किच खानेपानी योजना		१५०००००।०	१५०००००।०
१५	६९।२०७६।९।२२	पलाँता संञ्चार केन्द्र		८०००००।०	८०००००।०
१६	७२।२०७६।९।२२	वेल्केढुङ्गा चिहानघाट सडक		२०००००,०	२०००००,०
१७	४८।२०७६।९।२२	अल्टरनेटीभ ईन्जीनियरीङ्ग		२०००००।०	२०००००।०
१८	१०५।०७६।९।२२	पाटीखेल तटवन्धन उपभोक्ता		५०००००।०	५०००००।०
		जम्मा		२१०७१०००।०	२१०७१०००।०

३१. **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । गाउँपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरुलाई अनुदान खर्च लेखेको छ । कार्यालयबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३२. **सशर्त अनुदानः** विभिन्न विषयमा स्थानीय तहमा हस्तान्तरण भएका सशर्त अनुदान खर्च हुन नसकि मौज्दात रहेको अवस्थामा संघीय सरकालाई फिर्ता गर्नुपर्दछ।गाउँपालिका अन्तर्गत निम्नानुसारको विभिन्न शिर्षकमा खर्च नभई मौज्दात रहेकोमा वाँकी रकम मिति २०७७।६।१४ रू. १ करोड ५० लाख २५ हजार ६४२ संघीय संञ्चितकोष फिर्ता भएको प्रमाण पेश भएको छ ।

क्र.सं	अनुदानको किसीम	जम्मा अनुदान	खर्च	बाँकी फ्रिज हुनु पर्ने
१	शिक्षा	९५३४००००।०	८६८०१८७३।०	८४३८१२७।०
२	स्वास्थ्य	१५८९६०००।०	१३६७४२६२।०	२२२१७३८।०
३	पशु	८५८०००।०	६६७३६१।०	१९०६३९।०
४	ग्रामिण सामुदायिक पुर्वाधार विकास कार्यक्रम	३५४३०००।०	२९६३३१८।०	५७९६८२।०
५	आधारभूत स्वास्थ्य केन्द्र	९९९६०००।०	७३३५४३९।०	२६६०५६१।०
६	झलुङ्गे पुल क्षेत्र विकास	५००००००।०	४०६५१०५।०	९३४८९५।०

	जम्मा १३०६३३०००।० ११५५०७३५८।० १५०२५६४२।०			
३३.	**दाखिला गर्न वाँकी करः** आय कर ऐन, २०५८ को दफा ९० वमोजिम कट्टा भएको कर रकम पच्चीस दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले विभिन्न शिर्षकमा कट्टा गरी राखेको कर रकम रू १५०५०००।० वैक दाखिला गरेको देखिएन।दाखिला गर्न वाँकी कर रकम राजश्व खाता दाखिला गर्नुपर्ने रू	१५०५०००
३४.	**उपभोक्ता समितिः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा रू १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था रहेको छ ।गाउँपालिकाले यो वर्ष १ सडक निर्माण योजना तथा १ अस्पताल निर्माण कार्य वाहेक सवै निर्माण कार्यहरू उपभोक्ता समितिवाट गराएको छ।उपभोक्ता समितिवाट संञ्चालित निर्माण कार्य सम्वन्धमा देखिएका व्यहोराहरू देहायमा उल्लेख छनः	
३४.१.	**हेभी ईक्विपमेन्ट प्रयोगः** सार्वजनिक खरीद नियमावली, २०६४ को उपनियम ९मा उपभोक्ता समितिवाट संञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर जस्ता हेभी ईक्विपमेन्ट प्रयोग गर्न नहुने र लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसीन प्रयोग गर्नु पर्ने भएमा प्राविधिकको सीफारीसमा निर्माण कार्य गर्न सकिने उल्लेख छ ।यस गाउँपालिका अन्तर्गत निर्माण भएका विभिन्न सडक, खेल मैदान आदीमा एक्साभेटर, डोजर मेसीनरी उपकरण प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको र सोही अनुसार उपभोक्ता समितिलाइ एक्साभेटरको विल पेश गरी भुक्तानी गरीएको छ ।	
३४.२.	**भुक्तानीः** सोहि नियमको उपनियम(१३ क) मा उपभोक्ता समितिले प्राप्त गरेको कार्यमा निर्माण व्यवसायीलाइ संलग्न गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितले निर्माण गरीएका सडकहरू खन्ने कामको विल पेश गर्दा निर्माण व्यवसायीबाट एक्साभेटर तथा डोजर भाडामा लिएको देखाई मुल्य अभिवृद्धि कर विजक पेश गर्ने गरेको र कार्यालयले विल भुक्तानी गरेको पाईयो ।कानुन अनुसार उपभोक्ताको कार्यमा निर्माण व्यवसायीलाई संलग्न गर्न नमिल्नेमा उपभोक्ता समितिले सवै कार्यमा एक्साभेटरको प्रयोग देखाई निर्माण व्यवसायीको बिल पेश गरी भुक्तानी लिएको कानुन सम्मत देखिंदैन ।	
३४.३.	**मर्मत संम्भार**ः नियम ९७ (३) (घ) मा उपभोक्ता समितिवाट सम्पन्न निर्माण कार्यको मर्मत संभार उपभोक्ता समितिले गर्नु पर्ने, उपनियम १० मा कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको वामित्व समेत हस्तान्तरण उपभोक्तालाई गर्नुपर्ने उल्लेख छ ।यस गाउँपालिकालेउपभोक्ता समिति मार्फत संञ्चालन गरीएकानिर्माण कार्यहरू कुनैपनि हस्तान्तरण गरेको नदेखिएको र गत विगतमा कार्य सम्पन्न गरीएका कार्यहरूको उपभोक्ताले मर्रमत संम्भार पनि गरेको देखिएन ।कानुनान तोकिएको अवस्था सम्झौतामा समावेस गरी लाभग्रही वा उपभोक्ता समितिले सं१चालन गरेका योजनाहरू सोही उपभोक्ता समिति बाट मर्मत सम्भार र रेखदेख गर्ने व्यवस्था गरी स्थानीय उपभोक्तालाई स्वामित्व हस्तान्तरण गरी हरेक वर्ष मर्मत संम्भारमा बढ्दै गएको सरकारी खर्चलाई नियन्त्रण गरीनु पर्दछ।	
३४.४.	**जनश्रमदानः** सोहि नियमको उपनियम (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको मुल्याङ्कन, बिल भरपाई र खर्च गर्ने अन्य कागजात समितिवाट अनुमोदन गराई पेश गर्नुपर्ने र उपनियम(११) अनुसार सम्वन्धित निकायवाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरीएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाबाट संञ्चालित अधिकांस कार्यहरू उपभोक्ता समितिबाट गराएको र समितिले जनसहभागिताजुटाएको कुनै प्रमाण पेश गर्ने गरीएको छैन । प्राविधिक मुल्याकनमा देखाईएको रकम मध्ये गाउँपालिकावाट व्यहोर्ने रकम कटाई बाँकी रकम मात्र श्रमदान भनी उल्लेख गर्ने गरीएको छ ।उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा सम्भौतामा तोकिए अनुसार जनश्रमदान जुटाई सोको अभिलेख राख्नपर्दछ।	
३५.	**स्वास्थ्य चौकी भवन निर्माणः** स्वास्गथ्य सुविधा विस्तारका लागि आर्थिक वर्ष २०७५।७६ मा निम्नानुसारका भवनहरूको लागत अनुमान एक स्वास्थ्य भवनको रू ३६,४६,९६४।० (छ वटाकै	

एउटै लागत अनुमान) स्वीकृत गरी बोलपत्र द्वारा निम्नानुसारको निर्माण व्यवसायी छनौट भएकोमा सोको कार्यप्रगति अवस्था देहायअनुसार रहेको छ ।   रकम रू हजारमा

कामको विवरण	निर्माण व्यवसायि	सम्झौता रकम	सम्झौता मिति	काम सम्पन्न गर्नु पर्ने मिति	हाल सम्मको भुक्तानी	कार्य प्रगति प्रतिशत
प्रा.स्वा. के वडा नं. १	के.के मष्ठा नि.से.	३६२८	२०७६।३।२६	१ वर्ष	१८१४	५०
प्रा.स्वा. के वडा नं. २	जगदिश निर्माण सेवा	३६३१	२०७६।३।२६	१ वर्ष	१८१५	५०
प्रा.स्वा. के वडा नं. ४	पवन एण्ड पसम नि.से	३६३७	२०७६।३।२६	१ वर्ष	१८१४	५०
प्रा.स्वा. के वडा नं. ५	पुर्ण एण्ड एम के जे.भी.	३६३५	२०७६।३।२६	१ वर्ष	१८१७	५०
प्रा.स्वा. के वडा नं. ७	अप्सरा नि.सेवा	३६३५	२०७६।३।२६	१ वर्ष	०	०
प्रा.स्वा. के वडा नं. ९	संञ्जिविनी कन्ट्रक्सन	३६२२	२०७६।३।२६	१ वर्ष	०	०

३५.१. **कार्यप्रगतिः** निर्माण व्यवसायीसंग भएको खरीद सम्झौता वमोजिमको निर्माण कार्य पेश भएको कार्यतालिका तथा निर्माण सम्पन्न गर्नुपर्ने म्याद भित्र कार्य सम्पन्न गर्नुपर्दछ ।समयमानै कार्य सम्पन्न गर्न नसकेमा सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १२१ तथा खरीद सम्झौताको विषेश सर्त वमोजिम निर्माण व्यवसायिले सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले पुर्व निर्धारीत क्षतिपुर्ति तिर्नुपर्ने तथा निर्माण कार्य सम्पन्न गराउनुपर्ने व्यवस्था छ ।उल्लेखित अनुसारका योजना २०७७ आषाढ मसान्त सम्म सम्पन्न भई सक्नु पर्नेमा ४ स्वास्थ्य चौकीको निर्माण कार्यको ५० प्रतिशत मात्र कार्य भएको तथा प्रा.स्वा.केन्द्र भवन वडा नं. ७ तथा ९ को भवन निर्माण कार्य सम्झौता वमोजिम सुरू सम्म हुन सकेको देखिएन ।तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्दा स्वास्थ्य सेवा प्रभावित भएको छ । खरीद सम्झौता वमोजिम निर्माण कार्य गर्नु पर्ने अन्यथा खरीद नियमावली तथा खरीद सम्झौताको सर्त वमोजिम पुर्वनिर्धारीत क्षतिपुर्ति असुल गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

३५.२. **वीमाः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ को उपनियम (४) रु १० लाख भन्दा बढि रकममासम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकमको सबै किसिमको जोखिम वहन गर्ने गरी बीमा गर्नु पर्ने ब्यबस्था भएकोमा उपरोक्त भवनहरूको निर्माण कार्यको बीमा गराएको छैन। नियमानुसारको बीमा नहुंदा संम्भावित जोखिम बहन नहुने अवस्था रहेकोमा जिम्मेवार पदाधिकारीलेयस तर्फ ध्यान दिएको पाइएन।खरीद नियमावली तथा खरीद सम्झौता वमोजिम निर्माण कार्यको बीमा हुनुपर्दछ ।

३५.३. **पेश्की जमानतः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ वमोजिम निर्माण व्यवसायीले पेश्की पर्छ्यौट गर्नु पर्ने अवधि भन्दा एक महिना वढीअवधिको वाणिज्य वैक द्वारा जारी भएको जमानत पेश गरेपछि पेश्की रकम उपलव्त्र गराउनुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको निर्माण व्यवसायीलाई गत आर्थिक बर्षमा जमानत वेगर पेश्की उपलब्ध गराएको पाईयो।जमानत विना पेश्की उपलब्ध गराउँदा नियम तथा खरीद सम्झौताको पालना भएको देखिएन । पेश्की बराबरको रकमको तुरून्त जमानत लिनुपर्ने देखिन्छ ।

सि.नं.	निर्माण कार्य	निर्माण व्यवसायीको नाम	सम्झौता रकम	पेश्की रकम
१	प्रा.स्वा. के वडा नं. ७	अप्सरा नि.सेवा	३६३५४१२	९०८०००।०
२	प्रा.स्वा. के वडा नं. ९	संञ्जिविनी कन्ट्रक्सन	३६२२४३३	९०५०००।०
			जम्मा	१८१३०००।०

३५.४. **बढी पेश्कीः** निर्माण व्यवसायी संग गरीएको खरीद सम्झौताको विषेश शर्तमा सम्झौता रकमको २०

प्रतिशत सम्म मात्र पेश्की दिन सकिने व्यवस्था गरेको छ ।उल्लेखित अनुसार निर्माण व्यवसायीलाइ मुल्य अभिवृद्धि कर वाहेको रकम मा अप्सरा निर्माण सेवालाई सम्झौता रकम रू ३१ लाख १७ हजारको ६ लाख ४३ हजार तथा संझिविनी कन्ट्रक्सन लाई रू ३२ लाख ५ हजार को रू ६ लाख ४१ हजार पेश्की दिन सक्नेमा दुवै निर्माण व्यवसायीलाई पाउने भन्दा रू २ लाख ४३ हजार वढी पेश्की दिएको पाईयो।सम्झौतामा उल्लेख भए भन्दा वढी पेश्की दिएको व्याज सहित असुल पर्छ्यौट हुनु पर्दछ ।

३६. **कार्यसम्पादन जमानतः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११०(१) वमोजिम स्वीकृत बोलपत्रको बोलपत्रदाताले खरीद सम्झौतामा उल्लेखित अन्तिम अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा १ महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसंग भएको खरीद सम्झौतामा समेत उक्त व्यवस्था रहेको छ।निम्नानुसारको निर्माण कार्यहरूमा वोलपत्र स्वीकृत भए पछि तोकिए वमोजिमको कार्य सम्पादन जमानत पेश नगरी खरीद सम्झौता भएको पाईयो।नियमावली तथा खरीद सम्झौता वमोजिम कार्य सम्पादन जमानत पेश गर्नुपर्ने देखिएको रू. ६,२७,४००

सि.नं.	निर्माण कार्य	निर्माण ब्यवसायीको नाम	खरीद सम्झौता रकम	राख्नु पर्ने कार्य सम्पादन जमानत
	स्वास्थ्य भवन			
१	प्रा.स्वा. के वडा नं. १	के.के मष्ठा नि.से.	३६२८१४२	१८१४०७।०
२	प्रा.स्वा. के वडा नं. २	जगदिश निर्माण सेवा	३६३१७१३	१८१५८५।०
३	प्रा.स्वा. के वडा नं. ४	पवन एण्ड पसम नि.से	३६३७०६७	१८१८५३।०
४	प्रा.स्वा. के वडा नं. ५	पुर्ण एण्ड एम के जे.भी.	३६३५३२८	१८१७६६।०
५	प्रा.स्वा. के वडा नं. ७	अप्सरा नि.सेवा	३६३५४१२	१८१७७०।०
६	प्रा.स्वा. के वडा नं. ९	संझिविनी कन्ट्रक्सन	३६२२४३३	१८११२१।०
			जम्मा	६२७४००।०

३७. **रिटेन्सन मनीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ को उपनियम ४ वमोजिम सार्वजनिक निकायले रनिङ्ग विलको भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ्ग विलमा उल्लेखित रकमको पाँच प्रतिशतले हुन आउने रकम कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले निम्नानुसारको ठेक्काको भुक्तानीमा रिटेन्सन मनी कट्टा गरी राखेको पाईएन।अतः रिटेन्सन मनी वापतको रकम असुल गरी राख्नुपर्ने रू ४६९८१२

भौचर नंम्बर मिति	निर्माण कार्य	निर्माण ब्यवसायीको नाम	भुक्तानी रकम	कट्टा गर्नु पर्ने रकम
	स्वास्थ्य इकाई			
४।२०७७।३।२६	प्रा.स्वा. के वडा नं. १	के.के मष्ठा नि.से.	२५९७५९७।०	११४९३७।०
२।२०७७।३।६	प्रा.स्वा. के वडा नं. २	जगदिश निर्माण सेवा	१८२९८०३।०	८०९६४।०
५।२०७७।३।२६	प्रा.स्वा. के वडा नं. ४	पवन एण्ड पसम नि.से	२९१५६२६।०	१२९०१०।०
३।२०७७।३।२६	प्रा.स्वा. के वडा नं. ५	पुर्ण एण्ड एम के जे.भी.	३२७४७७२।०	१४४९०१।०
			जम्मा	४६९८१२।०

३८. **मूल्य अभिवृद्धि कर कट्टी र दाखिलाः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) (आर्थिक ऐन, २०७६ वाट संसोधन) वमोजिम सरकारी निकाय तथा संघ सँस्थाहरुले करार गरी खरिद गरेको बस्तु तथा सेवाको बिल भुक्तानी गर्दा मूल्य अभिवृद्धि करको ५० प्रतिशत कट्टा गरी सम्वन्धीत आपूर्तकको नामवाट मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्न फर्मलाई सम्झौता वमोजिम मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा सोको ५० प्रतिशत रु ७४१४५९।०कट्टा गरी मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गरेको नपाईएकोले असुल गरी सम्वन्धीत मूल्य अभिवृद्धि शिर्षकमा दाखिला गर्नुपर्ने रु... ७४१४५९

गो भौ र मिति	ब.उ.शि.नं.	फर्म	मु.अ. कर रकम	असुल गर्नुपर्ने मूअ कर
	स्वास्थ्य केन्द्र भवन			
४।२०७७।३।२६	प्रा.स्वा. के भवन निर्माण	के.के मष्ठा नि.से.	२९८८३८।०	१४९४१९।०
२।२०७७।३।६	प्रा.स्वा. के भवन निर्माण	जगदिश निर्माण सेवा	२१०५०८।०	१०५२५४।०

५।२०७७।३।२६	प्रा.स्वा. के भवन निर्माण	पवन एण्ड पसम नि.से	३३५४२६।०	१६७७१३।०
३।२०७७।३।२६	प्रा.स्वा. के भवन निर्माण	पुर्ण एण्ड एम के जे.भी.	३७६७४३।०	१८८३७१।०
	झोलुङ्गेपुल निर्माण			
५।२०७७।३।२६	दुई स्थानका झो.पु.	के.इन्जीनियरीङ्ग	२६१४०५।९	१३०७०२।
				७४१४५९।०

प्रदेश समानीकरण

३९. **निर्माण सामाग्री खरीदः**१२९।२०७७।३।२६,६९।२०७६।९।२६ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ५(क) वमोजिम सार्वजनिक निकायले कुनै मालसामान निर्माण कार्य वा सेवा खरीद गर्नुपर्दा सोको विवरण स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै सोही नियमावलीको नियम ८ वमोजिम खरीद योजना तयार गर्नुपर्ने र नियम ३१ वमोजिम रू २० लाख भन्दा वढीको खरीद कार्य बोलपत्रको माध्यामवाट गर्नुपर्ने व्यवस्था रहेको छ ।गाउँपालिकाले पारौटी खानेपानी योजना निर्माणका लागि आवश्यक निर्माण सामाग्री भनी परिवर्तन निर्माण सेवालाई रू ५०लाख भुक्तानी गरेको देखिन्छ।तर उक्त खरीद कार्यको खरीदको आवश्यकता पहिचान नगरेको, खरीद योजना स्वीकृत नगरेको तथा नियमावलीको व्यवस्था वमोजिम बोलपत्र द्वारा खरीद कार्य नगरी सोझै भुक्तानी गरेको देखिन्छ । उक्त भुक्तानी भएकोमा खरीद भएका निर्माण सामाग्री समेतको विवरण खुलाई आम्दानी बाँधेको तथा सोको उपयोगको सुनिश्चितता गरेको समेत देखिंदैन । यसरी खरीद प्रकृयाका कुनै पनि प्रकृया अवलम्वन नगरेको तथा खरीद भएका निर्माण सामाग्रीको उपयोग नभएकोले उक्त रकम प्रतिफलविहिन भएको पाईयो।यसरी खरीद आवश्यकता पहिचान नगरेको, खरीदको प्रकृया अवलम्वन नगरेको तथा खरीद भएका सामानको उपयोग नभएकोले रू... ५०,००,०००

समानीकरण चालुः

४०. **विनयोजन भन्दा वढी खर्चः** वार्षिक स्वीकृत वजेटको परिधिमा रहि वजेट खर्च गर्नुपर्दछ ।समानीकरण चालु तर्फ परामर्श सेवामा रू २ करोड २५ लाख वजेट विनियोजन भएकोमा २ करोड ६६ लाख २० हजार ९५३ खर्च भईविनियोजन भन्दा रू ४१ लाख २० हजार ९५३ वढी खर्च भएको देखिन्छ। विनियोजन भन्दा वढी खर्च लेखेको अनियमीत देखिएको रू ४१,२०,९५३

४१. **उपयोग हुनुपर्नेः** २७।२०७६।९।२० खरीद भएको निर्माण सामाग्री तोकिएको उद्देश्यमा उपयोग भएको हुनुपर्दछ।निम्नानुसारको पाईप खरीद गरी रू ४,७४,०५९।० भुक्तानी भएकोमा सोको खानेपानी प्रयोजनमा उपयोग भएको देखिएन । खरीद भएको पाईप खानेपानी योजनामा उपयोग हुनुपर्दछ ।

पाईपको विवरण	परिमाण मिटरमा	पाईपको विवरण	परिमाण मिटरमा
20 mm	2100	25mm	600
32 mm	1000	1600	600
200mm	2100		

४२. **कोभिड १९ तर्फ** -गाउँपालिकाबाट उपलब्ध गराइएको विवरण अनुसार आ.व. २०७६।७७ को आषाढ मसान्तसम्म प्रदेश सञ्चित कोषबाट, स्थानीय तहको आफ्नै कोषबाट, संघीय कोभिड कोषबाट र अन्य श्रोतबाट समेत रु. आम्दानी भएकोमा कोरोना संक्रमण रोकथाम नियन्त्रण र व्यवस्थापन कार्यमा रु. खर्च भई रु. बाँकी रहेको छ । खर्च रकम निम्न शीर्षकमा भएको पाइयोः

बजेट/आम्दानीको स्रोत	२०७७ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७७ असार मसान्तसम्म खर्च रकम
संघीय सञ्चित कोषबाट		विभिन्न स्थानवाट आएको गाडी भाडा	१५६१०००।०
प्रदेश सञ्चित कोषबाट		क्वारेन्टिन, होल्डिङ्ग सेन्टर व्यवस्थापन	३६४१०१८।०
स्थानीय तहको बजेट बाट	६६२१६८६।०	खाना तथा खाजा खर्च	१३६००००।०
संघीय कोभिड कोषबाट		औषधि तथा सर्जिकल सामान	१४५९६६८।०
प्रदेश कोभिड कोषबाट	१५०००००।०		
	८१,२१,६८६।०		८१,२१,६८६।०

४२.१.	**कोभिड खर्च—**कोभिड - १९ केश इन्भेष्टिगेसन तथा कन्टयाक ट्रेसिङ्ग टिम परिचालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को सि. नं. ६ अनुसार यस टिम परिचालनका लागि लाग्ने सम्पूर्ण खर्चको व्यवस्था स्थानीय तहले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि छुट्टाइएको कोषबाट व्यवस्था मिलाउनुपर्ने र यदि नपुग भएमा प्रदेश तथा संघीय सरकारसँग माग गर्न सक्ने व्यवस्था छ । पालिकाले कोभिड सम्वन्धि खर्च सवै पुँजिगतवाट रू ६६२१६८६।० तथा प्रदेश कोभिड कोषवाट रू १५ लाख गरी जम्मा रू ८१ लाख २१ हजार६८६ खर्च गरिएको छ ।पालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्नुपर्नेमा अन्य शिर्षकबाट गरिएको तथा प्रदेश तथा संघीय सरकारसँग माग नगरेकोले पुँजिगत शिर्षकवाट गरीएको खर्च नियमसम्मत देखिदैन ।	
४२.२.	**कार्य योजना** -विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना हुनुपर्दछ ।	
४२.३.	**वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
४२.४.	कोभिड १९ बाट प्रभावितलाई व्यवस्थापन तथा सहयोग को लागि प्रदेश सरकारबाट प्राप्त रु २४०८२५०।०० मध्ये रु २३९५०१०।०० खर्च भई रु १३२४० बाँकी रहेको पालिकाको अभिलेखले देखाएको छ ।पालिकाले गरेको उक्त खर्चको व्यवस्थित अभिलेख तयार गरेको छैन । मानिसहरु ओसार पसार क्वारेन्टिन व्यवस्थापनको लागि सामाग्री खरिदमा उक्त रकम खर्च गरेको छ ।उक्त रकमबाट कति संख्यामा प्रभावितहरुलाई सहयोग पुर्याइयो कति संख्या लाभान्वित भए सोको कुनै अभिलेख देखिएन ।पूँजीगत प्रकृतिका मालसामान खरिद गरेपनि सोको भण्डारण गरेको देखिएन ।ति सामाग्रीहरु पुनः यस्तै विपत्तीको घडीमा काम आउन सक्थे ।पूँजीगत प्रकृतिका सामाग्री सोलार पाता, ईन्भर्टर, प्रेसर कुकर, कराइ, थाल कचौरा गिलास र त्रिपाल रहेका छन ।	
	सामाजिक सुरक्षा कार्यक्रमतर्फ	
४३.	**तथ्यांक अध्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन । कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ ।	
४३.१.	**सार्वजनिक सुनुवाई :** गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक	

	सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन । गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ ।	
४३.२.	सामाजिक रुपमा पछाडि परेका वर्ग, क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ।यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु ५,६३,९८,६००।०० खर्च गरेको छ।यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक, एकल महिला, विधवा, बालबालिका, र अशक्तहरु समेत ४२०० जना लाभान्वित भएको देखिन्छ ।	
४३.३.	सामाजिक सुरक्षा भत्ता प्रणाली व्यवस्थित गर्न, सामाजिक सुरक्षा कार्यक्रममा प्रभावकारीता ल्याउन तथा नियमन गर्न नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ लागु गरेको छ । सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् : • कार्यविधिमा उल्लेख भए झै लाभग्रहीहरुको मूल अभिलेख एम आइ एस मा अद्यावधिक गरीसो अभिलेख अनुसार भत्ता वितरणको लागि निकासा माग गर्नु पर्ने सोही अभिलेख अनुसारको वितरण फाराम प्रिन्ट गरी वितरण भरपाइको रुपमा एम आइ एस प्रणाली प्रयोग गरेको देखिएन । • एम आइ एस प्रणाली प्रयोग नगर्दा र वडा कार्यालयमा रहने फोटो सहितको अद्यावधिक मूल अभिलेख खाता लेखापरीक्षणमा पेश नहुंदा भत्ता वितरणको भरपाई भिडान गरी खर्चको यथार्थता पहिचान गर्न सकिएन । • अधिकांश वडाहरुका बालबालिका पोषण भत्ता वितरण गरेको भरपाइ फारामहरुमा वालवालिको उमेर खुलाएको देखिएन । • सामाजिक सुरक्षा भत्ताको पारदर्शिताको लागि पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण बसाइँ सराइ र मृत्यु जस्ता विषयहरु चौमासिक तथा वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेमा सार्वजनिक गरेको देखिएन । • वडा समितिले प्रत्यक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रमको सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नु पर्नेमा सो गरेको देखिएन । • यस कार्यक्रमको नियमित अनुगमन मूल्यांकन र सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति रहनुपर्नेमा समिति गठन भएको देखिएन । • कार्यविधिले व्यवस्था गरेका उपरोक्तमा उल्लेखित व्यहोराहरु पालना नभएको हुँदा सामाजिक सुरक्षा भत्ता खर्च यथार्थ र विश्वसनीय रहेको भन्ने आधार रहेन ।	
	स्वास्थ्य सेवातर्फ :	
४४.	खर्चका प्रमाण नरहेका : गो भौ नं १५।२०७७।३।२५ सरकारी रकम खर्च गर्दा खर्चलाई पुस्टयाइँ गर्ने प्रमाण हुनु पर्दछ ।खोप केन्द्र निर्माण तथा व्यवस्थापन खर्च लेखेको रु ३,६८,०००।० खोप केन्द्र निर्माण सम्वन्धि कुनै काम नभएकोले उक्त रकम असुल गरी संघीय संञ्चितकोष दाखिला गर्नुपर्ने रू.	३६८०००
	शिक्षा तर्फ :	
४५.	**भुक्तानी दिन बाँकीको कच्चावारी नभएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र प्रयाप्त कारण भएमा संबन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने उल्लेख छ । पालिकाले शिक्षा तर्फ विभिन्न कार्यक्रमको	

	विद्यालयहरूलाई समानीकरण सशर्त तर्फ आर्थिक वर्ष २०७५।७६ को वजेट खर्च नभई मौज्दात रहेको रकमवाट रु ३४,१२,४१०।०अघिल्लो वर्षको कार्यक्रमको भुक्तानी दिन वाँकी भनी निकासा भएको छ।कार्यक्रम तर्फ सम्वन्धित आर्थिक वर्ष भित्रै रकम निकास हुनु पर्नेमा अघिल्लो वर्षको भुक्तानी दिएकोमा नियमावलीले तोके वमोजिम भुक्तानी दिन वाँकी कच्चावारी नभरेकोले भुक्तानी पाउने आधार देखिदैन ।अतः उक्त भुक्तानी पाउने आधार भए नियमित गरी पेश गर्ने अन्यथा असुल गरी संघीय संञ्चितकोष दाखिला गर्नु पर्ने रू	३४,१२,४१०
४६.	**तलबी प्रतिवेदन** पारित गरी सोही अनुसार विद्यालयका स्थायी शिक्षकहरुको तलब खर्च लेख्नु पर्दछ । गाउँपालिकाले पालिका भित्रका२० विद्यालयका शिक्षकहरुलाई रु ४३२०००००।०० तलब प्रदान गरेकोमा शिक्षकहरुको तलबी प्रतिबेदन पास गरेको देखिएन । तलबी प्रतिबेदन पारीत नहुँदा शिक्षकहरुलाई प्रदान गरीएको ग्रेड सम्बन्धमा स्पष्ट हुन सकिएन ।	
४७.	**फरक खर्च** : कार्यक्रम अनुसार खर्च हुनु पर्दछ । कम्प्युटर अनुदान अन्तरगतको रु २६४०००।०० रकमबाट कर्णाली मा वि खिनले टेवल र कुर्सी खरीद गरेको देखियो । उक्त खर्च उद्देश्य अनुरुप नरहेकोले अनियमित भएको रु..	२,६४,०००
४८.	**अनुगमन तथा सम्परीक्षण–** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्ष रु १ करोड १५ लाख ६३ हजार सम्परीक्षण भएको छ ।	

अनुसुची-१

पलाता गाउँपालिकाको संचितकोष विवरण
२०७६/७७

कर्णाली प्रदेश

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्याय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
कालिकोट	पलाता गाउँपालिका	८१९५६१	४१९५१	५.१२	७८०३	३६२५१६	४४४७६	०	४०९२	४११०८४	२४५००४	१४८४४७	१५०२६	४०८४७७	१०४१०

अनुसुची-२

पलाता गाउँपालिकाको बेरुजु बर्गिकरण(विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
कालिकोट	पलाता गाउँपालिका	५१	१२	४१९५१	०	०	०	५१	१२	४१९५१	३०८४	१२७९७	४९९९	०	०	१७७९६	१०३५	२००३६	२१०७१

अनुसुची-३

पलाता गाउँपालिकाको अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	गत बर्ष सम्मको बाँकी वेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	यस वर्ष सम्मको बाँकी वेरुजु	यस वर्ष सम्मको बाँकी वेरुजु मध्ये पेश्की
कालिकोट	पलाता गाउँपालिका	**५८५७१**	०	११५६३	११५६३	०	०	४७००८	४१९५१	८८९५९	२९४०६